**पुस्तक** : गोरखापत्रको इतिहास
**सम्पादक** : शिव रेग्मी, शिवप्रसाद भट्टराई र जयदेव भट्टराई
**प्रकाशक** : गोरखापत्र संस्थान
**पृष्ठ** : १७४
**प्रकाशन मिति** : २०६७




नेपालमा सञ्चार क्षेत्रको विकास तीव्र गतिमा भइरहेको छ । सञ्चारका विविध माध्यममध्ये छापा माध्यमको भूमिका सूचना र अभिव्यक्तिको सम्प्रेषणमा महत्त्वपूर्ण रहेको छ । नेपालको पहिलो समाचारपत्र *गोरखापत्र*[१] हो, जसलाई पत्रकारिताको गुरुकुलसमेत मानिन्छ । यही जेठो अखबार *गोरखापत्र*को शताब्दी लामो इतिवृत्तान्तसहित गोरखापत्र संस्थानले एक पुस्तक प्रकाशित गरेको छ- *गोरखापत्रको इतिहास*। यो पुस्तक छापिनुपूर्व नै *गोरखापत्र*बारे केही अध्ययन-अनुसन्धान हुनुका साथै यसबारे स्नातकोत्तर तहमा शोधसमेत गरिएका छन् (पन्थी २०३४, खतिवडा २०६४) । संस्थान आफैले पनि *गोरखापत्र*मा प्रकाशित निबन्ध, कविता र कथा बटुली यसअघि नै तीनओटा पुस्तक प्रकाशन गरिसकेको छ । तर यहाँ समीक्षा गरिएको पुस्तकको विशेषता भनेको *गोरखापत्र*बारे गोरखापत्र संस्थानका प्रकाशनमा प्रकाशित लेख एकै ठाउँमा समेटिनु हो ।

---

१ यस समीक्षामा *गोर्खापत्र* र *गोरखापत्र*को प्रयोग गरिएको छ । तत्कालीन समयमा जस्तो लेखिन्थ्यो त्यसैअनुरूप लेख्ने प्रयास गरिएको छ ।

*गोरखापत्रको इतिहास*मा पहिले नै प्रकाशित भइसकेका ४७ ओटा लेख/रचना सङ्कलित छन्। यी लेखहरू धेरैजसो *गोरखापत्र* र *मधुपर्क*मा छापिएका थिए भने केही चाहिँ *सम्प्रेषण*मा। *गोरखापत्र*का शुभेच्छुकहरूका साथै *गोरखापत्र*को शताब्दी लामो यात्रामा विभिन्न रूपले सहयात्री भएकाहरूका भोगाइ, दृष्टिकोण र विश्लेषण पुस्तकमा पढ्न सकिन्छ। रामराज पौडयाल, भैरव अर्याल, टेकबहादुर खत्री, धर्मराज थापा आदिले *गोरखापत्र*मा काम गर्दाका अनुभव लेखेका छन् भने बाबुराम आचार्य, भवेश्वर पंगेनी, शरद्चन्द्र भट्टराई, विजय चालिसे आदिले अनुसन्धानात्मक लेख लेखेका छन्।

*गोरखापत्र*को सुरुआत र विकासक्रम; छापाखानाको इतिहास; *गोरखापत्र*ले नेपालको सञ्चार, पत्रकारिता, शिक्षा क्षेत्रमा खेलेको भूमिका; नेपाली भाषा र साहित्यिक फाँटको सुरुआत एवं विकासक्रम; *गोरखापत्र*मार्फत विभिन्न स्रष्टाहरूको लेखकीय जन्म तथा तिनका सिर्जना प्रचारप्रसार; विभिन्न कालखण्डमा *गोरखापत्र*ले सामना गर्नुपरेको चुनौती लगायतका सन्दर्भ पुस्तकमा समेटिएका छन्। *गोरखापत्र*को प्रारम्भिक कालखण्डमा विशेषतः साहित्यमा केन्द्रित भएर लेखिएका संस्मरणात्मक ढाँचाका लेख पुस्तकमा धेरै छन्। यस्ता लेखहरूले *गोर्खापत्र* कसरी र कुन अवस्थामा जन्म्यो-हुर्क्यो भन्ने जिज्ञासा मेट्छन्। साहित्य र स्रष्टासँग सम्बन्धित लेखहरूले २०४६ वरपरका सिर्जना-स्रष्टा र *गोरखापत्र*को अवस्थाबारे जानकारी दिन्छन्। *गोरखापत्र*मा प्रकाशित कथा, उपन्यास, कविताहरूको सङ्क्षिप्त सूची पनि पुस्तकमा समेटिएको छ।

*गोरखापत्र*ले नेपाली भाषा-साहित्यको श्रीवृद्धिका साथै पुस्तक समीक्षा एवं अन्तर्राष्ट्रिय साहित्य-समाचार अनुवाद र प्रकाशनमा महत्त्वपूर्ण योगदान दिएको छ। आश्चर्यजनक घटना, उन्नति र विकासको खबर *गोरखापत्र*मा छाप्न अभिप्रेरित गरिएको स्पष्ट हुन्छ। त्यस्तो 'चलन' शताब्दीपछि अर्थात् अहिले पनि निरन्तर छ। *गोरखापत्र*ले धर्म-संस्कृति, नैतिक चेतना, उन्नति-प्रगति, आदर्श, आध्यात्मिक पक्षमा जोड दिँदै शासकको इच्छासँग तालमेल मिलाउँदै सरकारी स्वामित्वमै आफ्नो आयु थप्दै आयो। विभिन्न कालखण्डको राजनीतिक एवं शासकीय प्रवृत्तिको सङ्केत पुस्तकमा समेटिएका केही संस्मरण लेखमा भेटिन्छ। यसका साथै *गोरखापत्र*को आर्थिक पक्ष, व्यवस्थापकीय पक्ष, प्राविधिक पक्ष र ग्राहक/पाठकहरूसँग सम्बन्धित प्रसङ्गहरूले पुस्तकलाई रोचक बनाएका छन्। *गोर्खापत्र*सँगसँगै वा त्यस अघिपछि निस्केका अन्य अखबारबारे समेत पुस्तकले जानकारी दिन्छ। समग्रमा पुस्तकले *गोरखापत्र*सम्बन्धी शताब्दी अघिदेखिको बृहत् दस्तावेजलाई केही हदसम्म जोगाउनुका साथै *गोरखापत्र* र तत्कालीन शासन र शासकको स्तुतिगानका साथै आलोचनात्मक विचारसमेत दिएको छ।

नेपालको राजभाषामा शिक्षा दिने निर्णय भएपछि त्यसको नाम 'गोर्खा' भाषा राख्ने निधो भयो र पुस्तकहरूमा 'गोर्खा' भाषा लेखिन सुरु भयो । तर जयपृथ्वीबहादुर सिंहको सुझावमा नेपालका नागरिकलाई शिक्षा दिने भाषा 'गोर्खा' को सट्टा 'नेपाली' भाषा राखियो । 'गोर्खा' शब्दबाटै नामकरण गरिएको 'गोर्खापत्र'–जसको सञ्चालक/संस्थापक तथा पछि व्यवस्थापक (तालुकवाला) समेत राजा जयपृथ्वीबहादुर थिए–को नाम चाहिँ किन उही रह्यो ? जिज्ञासा उठ्छ । गोर्खापत्र, गोर्षापत्र हुँदै हिज्जे सच्याएर (१९८३ जेठ ४ देखि) *'गोरखापत्र'* पारियो र अन्ततः त्यसलाई हिन्दू परम्परा, सत्ता र शक्तिसँग गाँसेर अर्थ्याइयो (पृ. ङ) । 'गोर्षापत्र' कहिले लेखिन्थ्यो भन्नेबारे भने पुस्तकमा कतै पनि उल्लेख छैन । यद्यपि सम्पादकीयमा "थालनीमा *गोरखापत्र* 'गोर्खापत्र'को रूपमा प्रकाशित भएको थियो भने १९८३ साल जेठ ४ गते सोमबारदेखि *गोरखापत्र* भई प्रकाशित हुँदै आएकोमा सुझ्नबुझ बीचमा फेरि 'गोर्खापत्र' गरी प्रकाशित गरियो। वास्तवमा यसको शुद्ध रूप *गोरखापत्र* नै हो" (पृ. ग) भनिएको छ ।

साप्ताहिक (पहिला सोमबार, पछि शुक्रबार प्रकाशन हुने गरेको) रूप लिएर जन्मेको *गोर्खापत्र* हप्ताको दुई (सोमबार र शुक्रबार), तीन (सोमबार, बुधबार र शुक्रबार) हुँदै दैनिक र झण्डै वर्षदिन जति दिनको दुईपटक (बिहान र साँझ) समेत प्रकाशित भयो । दैनिक प्रकाशन गर्नु नै चानचुने कुरा नभएको बेला किन र कसरी दिनको दुईपल्ट प्रकाशन गरियो भन्नेबारे भने कुनै पनि लेखले केही बोलेका छैनन् । पुस्तकमा यस्ता अपूरा प्रसङ्ग धेरै नै छन् ।

*गोर्खापत्र* प्रकाशन हुनुअगावै प्रकाशनको अख्तियारी दिइएका नरदेव पाण्डेको नाममा जारी सनदमा छाप्न हुने/नहुने विषय किटान गरियो। उक्त सनद १९५८ वैशाख वदी ११ रोज २ मा निर्माण गरिएको थियो। 'पहाड मधेसमा जुलुम भयाको कुरा छपाउन आयो भने भन्न आउने मानिसको सैछाप गराई बेदाममा छापी दिनु' (पृ. ११२-११३) भन्ने वाक्यांशले त्यसबखतको नेपालको भौगोलिक-सामाजिक परिवेशलाई सम्बोधन गर्न खोजेको देखिन्छ । 'छाप्न हुने' धेरैजसो छापिएका, 'छाप्न नहुने' नछापिएका दृष्टान्त पुस्तकमा भेटिन्छन् । तर पहाड-मधेसका मानिसमा परेको मर्काका कुरा केकति छपाउन आए वा छापिए ? भौगोलिक विकटता, सञ्चारको कमी, चेतनाको कमीका साथै निरङ्कुश व्यवस्थामा छाप्न हुने भनिएको यो कुरा साँच्चै व्यवहारमा लागू हुने अवस्था थियो/थिएन भन्ने सन्दर्भ कतै भेटिन्न । सनदमा किटान गरिएको नियमले राजकाज र भाइभारदारबीच किचलो मुक्त हुन खोज्दै प्रजातान्त्रिक व्यवस्था लागू गर्न चाहने देवशमशेरको पूर्वतयारी र चलाखीपन झल्किन्छ । तर उनी आफ्नो उदार र जनमुखी कार्यका कारण भाइभारदारद्वारा छोटो समय (उनको शासनकाल

१९५७ फागुन २७ देखि १९५८ असार १३ सम्म रह्यो) मै गलहत्याइए । त्यसको असर *गोर्खापत्र*मा पर्‍यो । चन्द्रशमशेरले सत्ता हातमा लिएपछि १९५८ मै *गोर्खापत्र* बन्द भयो । तर, कति समयसम्म *गोर्खापत्र* बन्द भयो भन्ने स्पष्ट पार्नुको सट्टा 'केही समय' मात्र भनिएको छ ।

नेपालको इतिहास खोतल्न सघाउ पुर्‍याउने *गोरखापत्र*का पुराना सबै अङ्क अहिले सजिलै उपलब्ध हुन सक्दैनन् । यस्तो अवस्थामा *गोरखापत्र*को इतिहाससहितको पुस्तकको आफ्नै विशिष्ट महत्त्व हुनुपर्ने हो तर पुस्तक कम खोजमूलक भइदिनाले उति महत्त्वपूर्ण हुन सकेको छैन । एउटा पुस्तकमा *गोरखापत्र*को समग्र इतिहास बटुल्न खोज्नु असम्भव भएको सम्पादकीय तथा प्रकाशकीयमा भनिएको छ (पृ. ग, घ) । शताब्दी लामो इतिहास एउटै पुस्तकमा समेट्न खोज्नु अत्यन्तै कठिन काम पनि हो । *गोरखापत्र*का विविध पक्षमध्ये कुनै एकको मात्रै इतिहास बटुल्दा अथवा कुनै विशेष कालखण्डलाई मात्रै केन्द्रित गर्दा पनि असीमित दस्तावेज-लेखहरू भेटिन्छन् । असीमित दस्तावेजको चाङबाट ११० वर्षको इतिहास समेट्ने जमर्कोमा सीमित लेखहरू छानिएका छन् । तर, लेखहरू छानिनुको आधार स्पष्टसँग खुलाइएको छैन । सम्पादकीयमा "सकभर पुराना तथा इतिहास आउने गरी लेखिएका लेख/रचनाहरू दिने प्रयास गर्दागर्दै पनि उपलब्ध हुन सकेन । ... जे भेटियो, त्यही यहाँ राखियो, यो यस्तै भयो" (पृ.ग) लेखिएको छ । साँच्चै, यो पुस्तक सम्पादकीयमा भनिएजस्तै छ ।

पुस्तकको निश्चित संरचना/क्रमिकता छैन । विषयवस्तु छरपष्ट भएकाले विषयक्रमको छेउटुप्पो पत्तै लाग्दैन । एउटै लेखमा धेरै विषय उठाइएको छ, तर सतहीरूपमा । समेटिएका हरेक प्रतिनिधि लेख/विषयले *गोरखापत्र*को एक बृहत् ऐतिहासिक विषय समेट्ने सामर्थ्य राख्छन् । कतिपय लेख विषयवस्तुअनुरूप एउटै लेखमा संयोजन गर्न मिल्ने खालका छन् । पुस्तकमा जेजस्ता विषय छन् तिनलाई नेपालको ऐतिहासिक कालखण्ड (जस्तैः राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल... आदि) कै आधारमा छुट्ट्याउन सकिन्थ्यो । अथवा विषयगत विभाजन (जस्तैः *गोरखापत्र*को पृष्ठभूमि, व्यवस्थापकीय-प्राविधिक-आर्थिक पक्ष, साहित्य-स्रष्टा, सूचना-समाचार आदि) का आधारमा संरचना निर्माण गर्न सकिन्थ्यो । यसो गरिएको भए इतिहासक्रम व्यवस्थित बन्नुका साथै लेखमा उठाइएका विषयवस्तु पनि बढी खँदिला हुने थिए ।

पुस्तकको सम्पादन पक्ष फितलो छ । पुस्तकमा केही तथ्यगत त्रुटिहरू छन् । उही सन्दर्भका तिथिमिति पनि फरकफरक लेखिएका छन् । वीरशमशेरकै पालामा मोतीराम भट्टले बनारसबाट नेपाली भाषामा *गोर्खा भारत जीवन*को प्रकाशन

आरम्भ गरेको मिति तलमाथि परेको छ (टुकराज मिश्रको लेखमा वि.सं. १९४४ छ भने दयाराम श्रेष्ठको लेखमा १९४८) । यस्तै पत्रकारिताको एक शताब्दी विशेष *आशय* पारिवारिक द्वैमासिकका लेखहरूमा *गोर्खा भारत जीवन*को प्रकाशन मिति १९४३ उल्लेख छ (भण्डारी २०५७) । यसले गर्दा कुनलाई सही मान्ने भन्ने द्विविधा उत्पन्न हुन्छ । फेरि नेपाली पत्रकारिताको इतिहासका लागि धेरै जनाले स्रोत मान्दै आएको गृष्मबहादुर देवकोटाको पुस्तक (देवकोटा २०२४) मा हेऱ्यो भने यसको प्रकाशन साल यी तीनओटै नभएर वि.सं. १९४२ छ ।

*गोरखापत्र*को जन्म मितिबारे पनि लेखकहरू एकमत छैनन् । *गोर्खापत्र*को पहिलो सम्पादक एवं व्यवस्थापक कसलाई मान्ने भन्नेमा पनि पुस्तकमा अन्योल देखिन्छ । कमल दीक्षितले २०१३ सालमा 'पुरेत भएको नाताले' शीर्षकमा लेख लेखी *गोर्खापत्र*को जन्ममितिबारे यस्तो लेखेका छन् :

> त्यसबेलासम्म *गोरखापत्र*लाई आफू कहिले जन्मे भन्ने थाहा थिएन (द्रष्टव्य गो.प सम्पादकीय २०१३/९/२६) । ऊ बुझ्दो नबुझ्दो वैशाख १ गतेदेखि आफ्नो उमेरमा १ सङ्ख्या थप्ने गर्थ्यो । तेह्र सालको पुसतिर कहिले हो यसको पहिलो अंक फेला पारी पहिलोपटक यो निस्किएको १९५८ साल जेष्ठ वदी ३ सोमबारका दिन हो भनेर अनि त्यो तिथिलाई गते र तारिखमा अनुवाद गर्दा १९५८ साल वैशाख २४ गते र सन् १९०१ मे ६ तारिख हुन्छ भनेर मैले टिप्पन 'सम्पादक बाजे' कहाँ पुऱ्याए ...(पृ.३) ।

कमल दीक्षितले यसो भने पनि ऋषभदेव शर्माको लेख (पृ.१) मा "त्यसकालका प्राइममिनिष्टर श्री देवशमशेरको समयमा सम्बत् १९५८ साल ज्येष्ठ २४ गते..." र काशीनाथ तमोटको लेख (पृ.७) मा "यो वि.सं. १९५८ ज्येष्ठ कृष्णपक्ष तृतीया, वैशाख ४ गते तदनुसार सन् १९०१ मे ६ तारिखमा..." भन्ने उल्लेख छ । इतिहास एवं दस्तावेजमा तथ्य प्रस्तुत गर्दाखेरि ससाना तर महत्त्वपूर्ण कुरामा हुन गएको/जाने त्रुटिप्रति सम्पादकहरूको ध्यान पुगेको देखिँदैन ।

कालखण्ड र प्रयोगका हिसाबले 'गोर्खापत्र' र 'गोरखापत्र' शब्द प्रयोगमा ख्याल गरिएको छैन । 'गोर्खापत्र' शब्द लेखिँदा र प्रयोग भएको बखतका प्रसङ्ग/सन्र्दभमा समेत धेरैजसो ठाउँमा 'गोरखापत्र' प्रयोग गरिएको छ । यी दुई शब्दको प्रयोगले *गोर्खापत्र* र *गोरखापत्र*को तत्कालीन कालखण्डलाई औँल्याउने हुनाले त्यसैअनरूप लेखिनुपर्ने हो, तर त्यसरी लेखिएको छैन ।

इतिहास समेट्ने प्रयत्न गरिएको भए पनि *गोरखापत्र*सँग सम्बद्ध व्यक्तिका विचार, अनुभव र संस्मरणात्मक अभिव्यक्तिको सँगालो बनेको छ पुस्तक । पुस्तकको

शीर्षकअनुरूप पाठकले खोज्ने *गोरखापत्र*को क्रमिक इतिहास भने पुस्तकमा भेटिँदैन । पूर्वप्रकाशित लेख/रचनाहरूलाई लेखकहरूको नामको वर्णानुक्रमअनुसार राखिएको छ । लेखकहरूको हैसियत, पहिचानअनुरूप स्थान दिनुपर्ने बाध्यताबाट पन्छिन यसो गरिएझैँ लाग्छ । कमल दीक्षितको लेखमा *"गोरखापत्र* आफैमा एउटा इतिहास हो, यसको लेख्नुपर्दैन इतिहास, कथा कुनै" (पृ. ३) भनी लेखिएको छ । *गोरखापत्र* आफैमा एउटा इतिहास हो भन्नेमा दुईमत छैन । तर, अब पनि यसको इतिहास लेख्नैपर्दैन भन्नु एकदमै गलत हुन्छ । यसको सूक्ष्म एवं विस्तृत इतिहास सङ्कलन, संयोजन, लेखन, अध्ययन अनुसन्धान एवं प्रकाशन हुन जरुरी भइसकेको छ ।

विभिन्न समयमा लेखिएका लेखहरू हुबहु साभार गरिएकाले भाषामा एकरूपता छैन । धेरैजसो लेख *गोरखापत्र*को वार्षिकत्सव विशेषाङ्कका लागि विगत सम्झेर लेखिएका हुनाले सामान्य पाठकका लागि केही वाक्य तथा शब्द-अर्थ बुझ्न गाह्रो पर्छ । यति हुँदाहुँदै पनि पुस्तकमा भएका भाषिक संरचना तथा शब्दहरूले नेपाली भाषाको इतिहास र विकासक्रमको अंश बोकेका छन् । निश्चित संरचना नपछ्याइकन पुस्तक तयार पारिएकाले धेरै सन्दर्भको स्रोत खुलाउने अथवा प्रस्ट्याउने (वा पाद टिप्पणी राख्ने) तर्फ ध्यान दिइएको छैन । पुस्तकले *गोरखापत्र* र पत्रकारिताको इतिहास अध्ययनमा आफ्नो समय खर्चिइसकेकाहरूका लागि नयाँ खुराक नदिन सक्छ । तर *गोरखापत्र*को इतिहास निर्माणमा यस पुस्तकले एउटा सकारात्मक कदमको थालनी भने पक्कै गरेको छ । *गोरखापत्र*को इतिहाससम्बन्धी सामग्रीको अभाव भएका बेला यो पुस्तक एउटा विश्वसनीय र महत्त्वपूर्ण दस्तावेज हो । साथै, *गोरखापत्र* र नेपालको इतिहासबारे अनगिन्ती पक्ष खोतल्न चाहनेहरूका लागि पुस्तक उपयोगी र पठनीय छ ।

## सन्दर्भसामग्री

खतिवडा, लक्ष्मी । २०६४ । गोरखापत्रका माध्यमबाट नेपाली भाषा साहित्यको विकासमा योगदान दिने महिला साहित्यकारहरूको सर्वेक्षणात्मक अध्ययन (वि.सं. २००७-२०६२) । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिभुवन विश्वविद्यालय (त्रिवि) ।

देवकोटा, ग्रीष्मबहादुर । २०२४ । *नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास* । काठमाडौँ : केशवप्रसाद लम्साल ।

पन्थी, लक्ष्मीकान्त । २०३४ । नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान (संवत् १९५८-१९९१) । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

भण्डारी, श्रीश । २०५७ । सात साल पूर्वका पत्रपत्रिकाहरू । *आशय* २(१) : १७-२० ।

**कैलाश राई**
मार्टिन चौतारी